## विधेयकमा प्राप्त संशोधन प्रस्तावहरु

(प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ११३ सँग सम्बन्धित)

विधेयकको नामः **खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७**

प्रस्तुतकर्ताः माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुषाल

**संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्य (दर्ताक्रम अनुसार)ः**

| द.नं. | माननीय सदस्यको नाम, थर |
|---|---|
| १. | मा. श्री रघुजी पन्त, मा. श्री महेश कुमार बर्तौला |
| २. | मा. श्री मनिस झा |
| ३. | मा. श्री प्रदिप यादव |
| ४. | मा. श्री सुमना श्रेष्ठ |
| ५. | मा. श्री विद्या भट्टराई |
| ६. | मा. श्री गगनकुमार थापा |
| ७. | मा. श्री गोकुल बास्कोटा |
| ८. | मा. श्री प्रेम सुवाल |

**संशोधनको विवरणः**

| क्र.स. | संशोधन प्रस्तुतकर्ता | विधेयकको दफा | संशोधनको व्यहोरा |
|---|---|---|---|
| १. | मा. श्री प्रेम सुवाल | प्रस्तावना | विधेयकको प्रस्तावनामा देहायबमोजिम थप गर्नु पर्नेः<br>"धान, गहुँ, मकै, तरकारी, सुन्तला, स्याउ लगायत खाद्य पदार्थमा आत्मनिर्भर बनाउन" |
| २. | मा. श्री मनिस झा | १ | विधेयकको दफा १ को उपदफा (२) मा रहेको "एकतीसौं दिनबाट" भन्ने शब्दहरुको सट्टा "तीन सय छैसठीऔं दिनदेखी" भन्ने शब्दहरु राखु पर्ने । |

| | | | |
|---|---|---|---|
| ३. | मा. श्री सुमना श्रेष्ठ | १ | विधेयकको दफा १ को उपदफा (२) को सट्टा देहायबमोजिमको उपदफा (२) को व्यवस्था गर्नु पर्नेः<br>"(२) यो ऐन प्रमाणीकरण भएको मितिले पूँजीको आधारमा वर्गीकृत ठुला उद्योग/व्यवसायका हकमा एक वर्ष, मझौला तथा साना उद्योग/व्यवसायको हकमा तीन वर्ष र अन्य उद्योग/व्यवसायको हकमा पाँच वर्षबाट प्रारम्भ हुनेछ" । |
| ४. | मा. श्री विद्या भट्टराई | १ | विधेयकको दफा १ को उपदफा (२) मा रहेको "एकतीसौं दिनबाट" भन्ने शब्दहरुको सट्टा "तीन सय छैसठीऔं दिनबाट" भन्ने शब्दहरु राख्नु पर्ने । |
| ५. | मा. श्री गगनकुमार थापा | १ | विधेयकको दफा १ को उपदफा (२) मा रहेको "एकतीसौं दिनबाट" भन्ने शब्दहरुको सट्टा "एक सय एकासिऔं दिनबाट" भन्ने शब्दहरु राख्नु पर्ने । |
| ६. | मा. श्री गगनकुमार थापा | २ | विधेयकको दफा २ को खण्ड (ख) को सट्टा देहायबमोजिमको खण्ड (ख) को व्यवस्था गर्नु पर्नेः<br>"(ख) "कार्यालय" भन्नाले विभाग मातहतका कार्यालय वा प्रदेश सरकार मातहतका खाद्य अनुसन्धान तथा निरीक्षण कार्यालय सम्झनु पर्छ" । |
| ७. | मा. श्री सुमना श्रेष्ठ | २ | विधेयकको दफा २ को खण्ड (घ) मा "आहारपूरक खाद्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "आहारपूरक खाद्य पदार्थमा फर्मकोपियामा समावेश भएका पदार्थ वाहेक" भन्ने शब्दहरु राख्नु पर्ने । |
| ८. | मा. श्री विद्या भट्टराई | २ | विधेयकको दफा २ मा संशोधनः<br>१. खण्ड (ज) मा संशोधन गरी "खाद्य स्वच्छताको परिभाषामा ISO २२००० ले गरेको व्यवस्था समावेश गर्नु पर्ने" ।<br>२. खण्ड (ट) मा "कुनै खाद्य पदार्थका लागि तोकिएको चारित्रिक गुण" भन्ने शब्दहरुको सट्टा "खाद्य वस्तुको गुण" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>३. खण्ड (द) मा संशोधन गरी "Manufacture date (निर्माण मिति), Expiry date (म्याद सकिने मिति), Best before date (मिति अघि उत्तम)" भन्ने वाक्यांश राख्नु पर्ने ।<br>४. खण्ड (द) पछि देहायबमोजिमको खण्ड (ध) को व्यवस्था गरी खण्डक्रम मिलाउनुपर्ने ।<br>"(ध) Codex को व्याख्या लाई आधार लिनु उपयुक्त हुनेछ" ।<br>५. खण्ड (फ) मा स्थानिय तहको परिभाषा अन्तर्गत "उप-महानगरपालिका र महानगरपालिका" थप गर्नु पर्ने । |
| ९. | मा. श्री गगनकुमार थापा | २ | विधेयकको दफा २ को खण्ड (न) मा रहेको "खाद्य स्वच्छता तथा गुणस्तर निर्धारण समिति" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय खाद्य स्वच्छता तथा गुणस्तर निर्धारण समिति" भन्ने शब्दहरु राख्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| १०. | मा. श्री गोकुल बास्कोटा | २ | विधेयकको दफा २ को खण्ड (घ) मा "मदिराजन्य पेय पदार्थ" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| ११. | मा. श्री प्रेम सुवाल | ३ | विधेयकको दफा ३ को उपदफा (१) मा रहेको "समय समयमा" भन्ने शब्दहरुको सट्टा "३-३ महिनामा" भन्ने शब्दहरु राख्नु पर्ने । |
| १२. | मा. श्री सुमना श्रेष्ठ | ५ | विधेयकको दफा ५ को उपदफा (१) ले व्यवस्था गरेको समितिको सट्टा देहायबमोजिमको समितिको व्यवस्था गर्नु पर्नेः<br>"(क) सचिव, मन्त्रालय -अध्यक्ष"<br>"(ख) सहसचिव, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय – सदस्य"<br>"(ग) सहसचिव, नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय – सदस्य"<br>"(घ) महानिर्देशक वा निजले तोकेको कम्तीमा उपसचिवस्तरको प्रतिनिधि, कृषि विभाग – सदस्य"<br>"(ङ) महानिर्देशक वा निजले तोकेको कम्तीमा उपसचिवस्तरको प्रतिनिधि, पशुसेवा विभाग - सदस्य"<br>"(च) महानिर्देशक वा निजले तोकेको कम्तीमा उपसचिवस्तरको प्रतिनिधि, वातावरण विभाग - सदस्य"<br>"(छ) नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ मध्येबाट एक प्रतिनिधि - सदस्य"<br>"(झ) खाद्य प्रविधि, खाद्य पोषण वा खाद्य स्वच्छता सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेका र खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेका विज्ञहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना – सदस्य"<br>"(ञ) खाद्य वैज्ञानिक तथा प्राविधिज्ञहरूको पेशागत संस्था सम्बन्धी प्रतिनिधि एक – सदस्य"<br>"(ट) नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (खाद्य सम्बन्धी विषय हेर्ने) – सदस्य"<br>"(ठ) खाद्य विज्ञान अध्यापन गराईने विश्वविध्यालयहरूमध्येबाट कम्तिमा एकजना महिला सहित तीन प्रतिनिधि – सदस्य"<br>"(ड) उपभोक्ताको हक हित संरक्षणको क्षेत्रमा कार्यरत संघसंस्था मध्ये मन्त्रालयले मनोनयन गरेको एक जना – सदस्य"<br>"(ढ) महानिर्देशक, विभाग - सदस्य सचिव" |

| | | | |
|---|---|---|---|
| १३. | मा. श्री गगनकुमार थापा | ५ | विधेयकको दफा ५ अन्तर्गत उपदफा (१) को खण्ड (झ) मा “एक जना” भन्ने शब्दहरुको सट्टा “एक महिला सहित तीन जना” भन्ने शब्दहरु राख्नु पर्ने साथै सहो उपदफा अन्तर्गत खण्ड (ञ) पछि देहायबमोजिमका खण्ड (ट), (ठ), (ड), (ढ), (ण) थप गरी अन्य खण्डहरुलाई सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्नेः<br>“(ट) विश्वविद्यालयका खाद्य प्रध्यापक, खाद्य वैज्ञानिक वा प्रविधिज्ञ मध्येबाट मन्त्रालयले मनोनित गरेको दूइ जना —सदस्य”<br>“(ठ) प्रदेशको कृषि सम्बन्धी मन्त्रालयका सचिव वा निजले तोकेको प्रतिनिधि एक जना -सदस्य”<br>“(ड) गाउँपालिका महासंघ र नगरपालिका संघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य”<br>“(ढ) प्रतिनिधि कृषि अनुसन्धान परिषद -सदस्य”<br>“(ण) प्रतिनिधि स्वास्थ्य अनुसन्धान परिषद -सदस्य”<br>“(नोटः गुणस्तर निर्धारणको सिफारिसको न्यूनतम आधार र मापदण्ड ऐनमा नै तोक्ने)” |
| १४. | मा. श्री गोकुल बास्कोटा | ५ | विधेयकको दफा ५ अन्तर्गत उपदफा (१) को खण्ड (ग) को सट्टा देहायबमोजिमको खण्ड (ग) को व्यवस्था गर्नु पर्नेः<br>“(ग) महानिर्देशक वा नीजले तोकेको कम्तीमा उपसचिव स्तरको प्रतिनिधि, स्वास्थ्य सेवा विभाग -सदस्य” |
| १५. | मा. श्री रघुजी पन्त, मा. श्री महेश कुमार बर्तौला | ५ | विधेयकको दफा ५ अन्तर्गत गठन भएको समितिमा सहसचिव स्तरका सदस्यहरुको व्यवस्था गर्नु पर्ने । |
| १६. | मा. श्री सुमना श्रेष्ठ | ६ | विधेयकको दफा ६ को उपदफा (१) मा “एक पटक” भन्ने शब्दहरुको सट्टा “दुई पटक” भन्ने शब्दहरु राख्नु पर्ने । |
| १७. | मा. श्री सुमना श्रेष्ठ | ६ | विधेयकको दफा ६ को उपदफा (७) मा “गर्न सक्नेछ” भन्ने शब्दहरुको सट्टा “गर्नु पर्नेछ” भन्ने शब्दहरु राख्नु पर्ने । |
| १८. | मा. श्री प्रेम सुवाल | ६ | विधेयकको दफा ६ को उपदफा (१) मा “एक पटक” भन्ने शब्दहरुको सट्टा “चार पटक” भन्ने शब्दहरु राख्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| १९. | मा. श्री गगनकुमार थापा | ७ | विधेयकको दफा ७ को खण्ड (क) मा "खाद्य पदार्थको" भन्ने शब्द पछि "नीति निर्माण गर्न सुझाव दिन र खाद्य पदार्थको" भन्ने शब्दहरु थप गर्नु पर्ने साथै सोही दफा ७ को खण्ड (घ) पछि देहायबमोजिमको खण्ड (ङ) र (च) थप गरी सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्नेः<br>"(ङ) खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धि कानूनको निर्माण तथा पुनरावलोकन गर्न सुझाव दिने",<br>"(च) खाद्य व्यवसायमा स्वच्छता र गुणस्तर कायम राख्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा व्यवसायी र सरोकारवाला बीच समन्वय र सहजीकरण गर्ने" । |
| २०. | मा. श्री सुमना श्रेष्ठ | ८ | विधेयकको दफा ८ को उपदफा (१) मा "विभागबाट सिफारिस लिनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "विभाग वा कार्यालय वा प्रदेश वा स्थानीय तहबाट सिफारिस लिनु पर्नेछ" भन्ने शब्दहरु राख्नु पर्ने । |
| २१. | मा. श्री गगनकुमार थापा | ८ | विधेयकको दफा ८ को उपदफा (१) मा "उद्योग दर्ता गर्नु अघि विभागबाट सिफारिस लिनुपर्नेछ" भन्ने शब्दहरूको सट्टा "उद्योग दर्ता गर्नु अघि विभाग वा कार्यालयबाट सिफारिस लिनुपर्नेछ" भन्ने शब्दहरु राख्नु पर्ने । |
| २२. | मा. श्री रघुजी पन्त, मा. श्री महेश कुमार बर्तौला | ८ | विधेयकको दफा ८ को उपदफा (१) मा "विभागबाट सिफारिस लिनु पर्नेछ" भन्ने व्यवस्थामा "विभाग भनेको कुन विभाग संघ वा प्रदेशको स्पष्ट गरी यदी संघको विभाग भए त्यसलाई विकेन्द्रित गर्नु पर्ने" |
| २३. | मा. श्री सुमना श्रेष्ठ | ९ | विधेयकको दफा ९ को उपदफा (१) मा "बमोजिम" भन्ने शब्द पछी "विभाग वा कार्यालय वा प्रदेश वा स्थानीय तहाबाट" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| २४. | मा. श्री रघुजी पन्त, मा. श्री महेश कुमार बर्तौला | ९ | विधेयकको दफा ९ अन्तर्गत उपदफा (२) को खण्ड (क) मा रहेको "घुमिफिरी खाद्य पदार्थ बिक्री (स्ट्रिट भेन्डीङ्ग)" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| २५. | मा. श्री सुमना श्रेष्ठ | ९ | विधेयकको दफा ९ को उपदफा (३) मा "पर्नेछ" भन्ने शब्द पछि "तर घुमिफिरी खाद्यपदार्थ बिक्री गर्नेले (स्ट्रिट भेन्डिङ्ग) आफूले व्यवसाय गर्ने स्थानमध्ये कुनै एक स्थानीय तहबाट अनुमति पत्र लिनुपर्नेछ" भन्ने वाक्यांश थप गर्नु पर्ने । |
| २६. | मा. श्री मनिस झा | १२ | विधेयकको दफा १२ मा संशोधनः<br>१. खण्ड (क) मा रहेको "सडे गलेको" भन्ने शब्दहरु अगाडी "स्वास्थ्यलाई हानि हुने गरी" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>२. खण्ड (ख) मा रहेको "कुनै रोगी वा रोगकारक पशुपन्छी वा" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>३. खण्ड (ग) मा रहेको "रोगकार" भन्ने शब्द अगाडी "पहिचान गरिएका" भन्ने शब्दहरु थप गर्नु पर्ने |

| | | | |
|---|---|---|---|
| २७. | मा. श्री सुमना श्रेष्ठ | १२ | विधेयकको दफा १२ को खण्ड (ग) मा "असर गर्ने" भन्ने शब्दहरु पछि "पहिचान भएका" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| २८. | मा. श्री गगनकुमार थापा | १२ | विधेयकको दफा १२ मा संशोधनः<br>१. खण्ड (क) मा "सडे गलेको" भन्ने शब्दहरु अघि "मानव स्वास्थ्यलाई हानी हुने गरी" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>२. खण्ड (ग) मा "असर गर्ने" भन्ने शब्दको पछाडि "भनि पहिचान गरिएका" भन्ने शब्दहरू थप गर्नु पर्ने ।<br>३. खण्ड (छ) पछि देहायबमोजिमको प्रतिवन्धात्मक वाक्यांश थप गर्नु पर्ने ।<br>"यस दफामा माथी जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादन कक्ष, विक्री कक्ष वा भण्डारण कक्ष परिसरमा निश्चित अलग स्थान छुट्टाई विक्रि तथा उपभोग योग्य नरहेको भनि नष्ट गर्न, हटाउन वा फिर्ता गर्नको लागि स्पष्टसंग जनाउने गरी राखिएको खाद्य पदार्थलाई यस दफाको प्रयोजनार्थ मानव उपभोगका लागि दुषित खाद्य पदार्थको उत्पादन, ढुवानी वा विक्री वितरणको लागि राखिएको मानिने छैन" । |
| २९. | मा. श्री मनिस झा | १३ | विधेयकको दफा १३ को खण्ड (ख) पछि देहायबमोजिको प्रतिबन्धात्मक बाक्यांश थप्नु पर्नेः<br>"तर माथि जुनसुकै कुरा लेखिएको भएतापनि उत्पादन कक्ष, बिक्री कक्ष वा भण्डारण कक्षमा बिक्री तथा उपभोग योग्य नरहेको भनी लेखी छुटाइ नष्ट वा हटाउन भण्डारण गरिएको खाद्य पदार्थलाई यस दफाको प्रयोजनार्थ न्यूनस्तरका खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राखेको मानिने छैन" । |
| ३०. | मा. श्री सुमना श्रेष्ठ | १३ | विधेयकको दफा १३ को खण्ड (ख) पछि देहायबमोजिमको खण्ड (ग) को व्यवस्था गर्नु पर्नेः<br>"(ग) तर माथि जुनसुकै कुरा लेखिएको भएतापनि उत्पादन कक्ष, बिक्री कक्ष वा भण्डारण कक्षमा बिक्री तथा उपभोग योग्य नरहेको भनी लेखी छुटाइ नष्ट वा हटाउन भण्डारण गरिएको खाद्य पदार्थलाई यस दफाको प्रयोजनार्थ न्यूनस्तरका खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राखेको मानिने छैन तर सो सामाग्री नष्ट वा धुल्याइएको विवरण अनुगमन गर्ने निकायलाई तीन महिनाभित्र पेश गर्नु पर्नेछ" । |

| | | | |
|---|---|---|---|
| ३१. | मा. श्री गगनकुमार थापा | १३ | विधेयकको दफा १३ को खण्ड (ख) पछि देहायबमोजिमको प्रतिवन्धात्मक वाक्यांश थप गर्नु पर्नेः<br>“यस दफामा माथी जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादन कक्ष, विक्री कक्ष वा भण्डारण कक्ष परिसरमा निश्चित अलग स्थान छुट्टाई विक्रि तथा उपभोग योग्य नरहेको भनि नष्ट गर्न, हटाउन वा फिर्ता गर्नको लागि स्पष्टसंग जनाउने गरी राखिएको खाद्य पदार्थलाई यस दफाको प्रयोजनार्थ मानव उपभोगका लागि दुषित खाद्य पदार्थको उत्पादन, ढुवानी वा विक्री वितरणको लागि राखिएको मानिने छैन” । |
| ३२. | मा. श्री गोकुल बास्कोटा | १४ | विधेयकको दफा १४ को खण्ड (ङ) पछि देहायबमोजिमको खण्ड (च) थप गरी खण्डक्रम मिलाउनु पर्नेः<br>“(च) कुनै पनि खाद्य पदार्थको भ्रामक स्वास्थ्य दाबि गर्न नहुने” । |
| ३३. | मा. श्री मनिस झा | १६ | विधेयकको दफा १६ अन्तर्गत उपदफा (२) को खण्ड (घ) को सट्टा देहायबमोजिमको खण्ड (घ) को व्यवस्था गर्नु पर्नेः<br>“(घ) निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने बस्तु भए त्यस्तो अवधि र सो बाहेकका तोकिएका अन्य खाद्य बस्तुमा उपभोगको निमित्त अधिकतम राम्रो मिति- (Best before date)” |
| ३४. | मा. श्री सुमना श्रेष्ठ | १६ | विधेयकको दफा १६ को उपदफा (५) पछि देहायबमोजिमको उपदफा (६) को व्यवस्था गर्नु पर्नेः<br>“(६) उपभोग गरिने खाद्य पदार्थमै टासिने लेबल भएमा सो लेबल खाद्य ग्रेडको हुनु पर्नेछ” । |
| ३५. | मा. श्री गगनकुमार थापा | १६ | विधेयकको दफा १६ मा संशोधनः<br>१. उपदफा (१) को खण्ड (घ) को सट्टा देहायबमोजिमको खण्ड (घ) को व्यवस्था गर्नु पर्ने ।<br>“(घ) निश्चित अवधिभित्र उपभोग गरिसक्नुपर्ने वस्तु भएमा त्यसको समाप्त मिति र अन्य तोकिएका खाद्य पदार्थमा रहेको उत्पादन मिति पछाडि “उपभोगका निम्ति अधिकतम राम्रो मिति”।(नोटः यस प्रयोजनको लागि खाद्य पदार्थको वर्गिकरण गर्ने)<br>२. उपदफा (३) मा रहेको “नेपाली वा अंग्रेजी” भन्ने शब्दको सट्टा “नेपाली र अंग्रेजी” भन्ने शब्दहरु राख्नु पर्ने । |
| ३६. | मा. श्री गोकुल बास्कोटा | १६ | विधेयकको दफा १६ अन्तर्गत उपदफा (२) को खण्ड (ङ) पछि खण्ड (च) थप गरी अन्य खण्डहरुलाई सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्नेः<br>“(च) पोषण सम्बन्धी लेबलिंग” |

| | | | |
|---|---|---|---|
| ३७. | मा. श्री सुमना श्रेष्ठ | १७ | विधेयकको दफा १७ को खण्ड (ग) पछि देहायबमोजिमको खण्ड (घ) थप गरी अन्य खण्डहरुलाई सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्नेः<br>“(घ) उत्पादनमा उत्सर्जन हुने फोहर व्यवस्थापन गर्नु पर्ने” |
| ३८. | मा. श्री सुमना श्रेष्ठ | १८ | विधेयकको दफा १८ को खण्ड (ग) पछि देहायबमोजिमको खण्ड (घ) थप गरी अन्य खण्डहरुलाई सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्नेः<br>“(घ) उत्पादनमा उत्सर्जन हुने फोहर व्यवस्थापन गर्नु पर्ने” |
| ३९. | मा. श्री सुमना श्रेष्ठ | १९ | विधेयकको दफा १९ को खण्ड (ग) पछि देहायबमोजिमको खण्ड (घ) थप गरी अन्य खण्डहरुलाई सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्नेः<br>“(घ) उत्पादनमा उत्सर्जन हुने फोहर व्यवस्थापन गर्नु पर्ने” |
| ४०. | मा. श्री सुमना श्रेष्ठ | २० | विधेयकको दफा २० को खण्ड (ग) पछि देहायबमोजिमको खण्ड (घ) थप गरी अन्य खण्डहरुलाई सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्नेः<br>“(घ) उत्पादनमा उत्सर्जन हुने फोहर व्यवस्थापन गर्नु पर्ने” |
| ४१. | मा. श्री सुमना श्रेष्ठ | २१ | विधेयकको दफा २१ को खण्ड (ग) पछि देहायबमोजिमको खण्ड (घ) थप गरी अन्य खण्डहरुलाई सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्नेः<br>“(घ) उत्पादनमा उत्सर्जन हुने फोहर व्यवस्थापन गर्नु पर्ने” |
| ४२. | मा. श्री सुमना श्रेष्ठ | २२ | विधेयकको दफा २२ को खण्ड (ग) पछि देहायबमोजिमको खण्ड (घ) थप गरी अन्य खण्डहरुलाई सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्नेः<br>“(घ) उत्पादनमा उत्सर्जन हुने फोहर व्यवस्थापन गर्नु पर्ने” |
| ४३. | मा. श्री सुमना श्रेष्ठ | २३ | विधेयकको दफा २३ अन्तर्गत उपदफा (१) को खण्ड (ट) को सट्टा देहायबमोजिमको खण्ड (ट) को व्यवस्था गर्ने र खण्ड (ड) पछि देहायबमोजिमका खण्ड (ढ), (ण), (त), (थ), (द) थप गरी अन्य खण्डहरुको खण्डक्रम मिलाउनु पर्नेः<br>“(ट) नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ मध्येबाट एक प्रतिनिधि – सदस्य”<br><br>“(ढ) कृषि हेर्ने संसदीय समितिका कम्तीमा एक महिलासहित तीन -सदस्य”<br>“(ण) नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (खाद्य सम्बन्धी विषय हेर्ने) - सदस्य” |

| | | | |
|---|---|---|---|
| | | | "(त) खाद्य प्रविधि, खाद्य पोषण वा खाद्य स्वच्छता सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेका र खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेका विज्ञहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना -सदस्य"<br>"(थ) खाद्य वैज्ञानिक तथा प्राविधिज्ञहरूको पेशागत संस्था सम्बन्धी प्रतिनिधि एक -सदस्य"<br>"(द) खाद्य विज्ञान अध्यापन गराईने विश्वविध्यालयहरूमध्येबाट एक -सदस्य" |
| ४४. | मा. श्री गगनकुमार थापा | २३ | विधेयकको दफा २३ हटाउनु पर्ने । |
| ४५. | मा. श्री गोकुल बास्कोटा | २३ | विधेयकको दफा २३ अन्तर्गत उपदफा (१) को खण्ड (ड) पछि देहायबमोजिमको खण्ड (ढ) थप गरी अन्य खण्डहरुलाई सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्ने ।<br>"(ढ) उपभोक्ता हित संरक्षणका क्षेत्रमा कर्यररत संस्थाका प्रतिनिधि १ जना -सदस्य" |
| ४६. | मा. श्री सुमना श्रेष्ठ | २४ | विधेयकको दफा २४ को उपदफा (१) मा "एक पटक" भन्ने शब्दहरुको सट्टा "दुई पटक" भन्ने शब्दहरु राखु पर्ने । |
| ४७. | मा. श्री गगनकुमार थापा | २४ | विधेयकको दफा २४ हटाउनु पर्ने । |
| ४८. | मा. श्री सुमना श्रेष्ठ | २५ | विधेयकको दफा २५ मा संशोधनः<br>१. खण्ड (ख) मा "कानूनको निर्माण" भन्ने शब्दहरुको सट्टा "कानून, नियमावली, निर्देशिका निर्माण" भन्ने शब्दहरु राखु पर्ने ।<br>२. खण्ड (ङ) को सट्टा देहायबमोजिमको खण्ड (ङ) को व्यवस्था गर्नु पर्ने ।<br>"(ङ) उपभोग हुने खाद्य पदार्थको सूचिकृत गरी स्वास्थ्यमा जोखिमका आधारमा वर्गीकृत गरी खाद्य सर्भेलेन्स प्रणाली स्थापना गर्न आवश्यक जनशक्ति विकाशका लागि समन्वय तथा सहजीकरण गर्ने" ।<br>३. खण्ड (ङ) पछि देहायबमोजिमको खण्ड (च) थप गरी अन्य खण्डहरुलाई सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्ने ।<br>"(च) खाद्य स्वच्छता परिषद् निर्माण गर्न पहल गर्ने" । |
| ४९. | मा. श्री गगनकुमार थापा | २५ | विधेयकको दफा २५ हटाउनु पर्ने । |
| ५०. | मा. श्री सुमना श्रेष्ठ | २६ | विधेयकको दफा २६ को खण्ड (ट) मा "गर्ने" भन्ने शब्द पछि "र सोको लागि दक्ष जनशक्ति निर्माण वा सिर्जना गर्ने र दरबन्दी समेत तोक्ने" भन्ने वाक्यांश थप गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| ५१. | मा. श्री प्रेम सुवाल | २६ | विधेयकको दफा २६ मा देहायबमोजिमको खण्ड (क) को व्यवस्था गरी अन्य खण्डहरुलाई सोही बमोजिम खण्डक्रम मिलाउनु पर्नेः<br>"(क) दफा ७ र दफा २५ बमोजिम प्राप्त सिफारिस एक महिनाभित्र कार्यान्वयन गरी सार्वजनिक गर्ने" । |
| ५२. | मा. श्री प्रदिप यादव | २७ | विधेयकको दफा २७ को उपदफा (२) को सट्टा देहायबमोजिमको उपदफा (२) को व्यवस्था गर्नु पर्नेः<br>"(२) नेपाल सरकारले खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर सम्बन्धी अनुसन्धान, परिक्षण, विश्लेषण गर्न भारतसंगको मुख्य-मुख्य नाकाहरु, भंसार कार्यालयहरुमा सुविधासम्पन्न खाद्य प्रयोगशाला स्थापना गर्नेछ"। |
| ५३. | मा. श्री सुमना श्रेष्ठ | २७ | विधेयकको दफा २७ को उपदफा (४) मा "सक्नेछ" भन्ने शब्द पछि "र सूचीकृत प्रयोगशालाको प्रतिवेदनलाई मान्यता प्रदान गर्नेछ" भन्ने वाक्यांश थप गर्नु पर्ने । |
| ५४. | मा. श्री प्रेम सुवाल | २७ | विधेयकको दफा २७ को उपदफा (१) मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"खाद्यान्न आयात हुने सबै नाकामा गुणस्तरीय प्रयोगशाला राखिनेछ" |
| ५५. | मा. श्री विद्या भट्टराई | २८ | विधेयकको दफा २८ मा "तोकिए बमोजिमको योग्यता" भन्ने शब्दहरुलाई स्पष्ट व्याख्या गर्नु पर्ने साथै "अधिकारीको कर्तव्य स्पष्ट खुलाएर थप गर्नु पर्ने" । |
| ५६. | मा. श्री गगनकुमार थापा | २८ | खाद्य निरीक्षण अधिकारीको योग्यता ऐनमा नै तोकी विधेयकको दफा २८ को सट्टा देहायबमोजिमको दफा २८ र उपदफाहरुको व्यवस्था गर्नु पर्नेः<br>"२८ खाद्य निरीक्षण अधिकारीः (१) विभागले खाद्य पदार्थको अनुगमन तथा निरीक्षण सम्बन्धी काम कारवाही गर्न देहाय बमोजिमको योग्यता भएका विभाग वा कार्यालयमा कार्यरत कर्मचारीलाई खाद्य निरीक्षक तोक्न वा योग्यता पुगेका व्यक्तिलाई नियुक्त गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको योग्यता भएका कर्मचारीलाई प्रदेश सरकारले प्रादेशिक खाद्य निरीक्षण अधिकारी र स्थानीय सरकारले स्थानीय खाद्य निरीक्षण अधिकारी तोक्न वा योग्यता पुगेको व्यक्तिलाई नियुक्त गर्न सक्नेछ" । |
| ५७. | मा. श्री मनिस झा | २९ | विधेयकको दफा २९ को उपदफा (२) मा रहेको "तयार गरी तीन दिनभित्र" भन्ने शब्दहरुको सट्टा "तुरुन्त तयार गरी यथाशिघ्र" भन्ने शब्दहरु राख्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| ५८. | मा. श्री प्रेम सुवाल | २९ | विधेयकको दफा २९ अन्तर्गत उपदफा (१) को खण्ड (क) मा "नियमित रुपमा" भन्ने शब्दहरुको सट्टा "पन्ध्र पन्ध्र दिनमा" भन्ने शब्दहरु राख्नु पर्ने । |
| ५९. | मा. श्री प्रेम सुवाल | ३० | विधेयकको दफा ३० को उपदफा (३) मा "कार्यालयमा" भन्ने शब्द पछि "पन्ध्र पन्ध्र दिनमा" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| ६०. | मा. श्री मनिस झा | ३२ | विधेयकको दफा ३२ को उपदफा (२) को सट्टा देहायबमोजिमको उपदफा (२) को व्यवस्था गर्नु पर्नेः<br>"(२) उपदफा (१) बमोजिम संकलित नमुना प्रयोगशालामा परिक्षण गर्दा त्यस्तो खाद्य पदार्थ यस ऐन बमोजिम निर्धारित गुणस्तर वा मापदण्डभन्दा न्यूनस्तरको रहेको वा मानव उपभोगको लागि असुरक्षित वा दुषित रहेको प्रतिवेदन प्राप्त भएमा खाद्य निरिक्षण अधिकारीले सम्बन्धित बिक्रेतालाई त्यस्तो खाद्य पदार्थ नष्ट गर्न आदेश दिन सक्ने छ" । |
| ६१. | मा. श्री मनिस झा | ३२ | विधेयकको दफा ३२ को उपदफा (२) पछि देहायबमोजिमको उपदफा (३) थप गर्नु पर्नेः<br>"(३) उपदफा (१) बमोजिम नमूना संकलित गर्दा उक्त बस्तुको बजार मूल्य सम्बन्धित बिक्रेतालाई भुक्तानी गर्नु पर्ने छ" । |
| ६२. | मा. श्री सुमना श्रेष्ठ | ३२ | विधेयकको दफा ३२ को उपदफा (२) मा "देखिएमा" भन्ने शब्दको सट्टा "प्रमाणित भएमा" भन्ने शब्दहरु राख्नु पर्ने । |
| ६३. | मा. श्री सुमना श्रेष्ठ | ३२ | विधेयकको दफा ३२ को उपदफा (२) पछि देहायबमोजिमको उपदफा (३) को व्यवस्था गर्नु पर्नेः<br>"(३) उपदफा १ बमोजिम नमूना संकलित गर्दा उक्त बस्तुको बजार मूल्य रकम सम्बन्धीत बिक्रेतालाई भुक्तानी गर्नु पर्ने छ" । |
| ६४. | मा. श्री गगनकुमार थापा | ३२ | विधेयकको दफा ३२ को उपदफा (२) मा "ऐन बमोजिम कारवाही गरी उपयुक्त माध्यामबाट सार्वजनिक गर्नुपर्नेछ" भन्ने शव्दको सट्टा "खाद्य निरीक्षण गर्ने अधिकारीले सम्बन्धित विक्रेतालाई त्यस्तो खाद्य पदार्थ तत्काल नष्ट गर्न आदेश दिई ऐन बमोजिम कारवाहीका लागि सिफारिस गर्नेछ। तोकिएको वर्गीकरण अनुसार यदी त्यस्तो खाद्य पदार्थ व्यापक रुपमा बजारमा पुगेको भए सो व्याच र लटको खाद्य पदार्थ विक्रेतालाई वजारबाट फिर्ता गरी नष्ट गर्न आदेश दिनेछ र सो खाद्य पदार्थ उपभोग नगर्न आम रुपमा उपयुक्त सार्वजनिक माध्यमबाट सुसूचित गराउनु पर्नेछ" । भन्ने वाक्यांश राख्नु पर्ने ।<br>(नोटः यस प्रयोजनका लागि खाद्य पदार्थको वर्गिकरण गर्ने) |

| | | | |
|---|---|---|---|
| ६५. | मा. श्री मनिस झा | ३३ | विधेयकको दफा ३३ को उपदफा (३) पछि देहायबमोजिमको उपदफा (४) र (५) थप गर्नु पर्नेः<br>“(४) उपदफा (१) बमोजिम बिक्री वितरणको लागि रोक लगाइएको खाद्य पदार्थको नमूना परिक्षण गर्न लाग्ने न्यूनतम समय भित्र परीक्षण गरी सोको जानकारी सम्बन्धित बिक्रेतालाई दिनु पर्नेछ” ।<br>“(५) उपदफा (१) बमोजिम बिक्री वितरणमा रोक लागाइएको खाद्य पदार्थ परीक्षण गर्दा तोकिएको स्वच्छता तथा गुणस्तर अनुरुप देखिएमा बिक्री वितरणको लागि रोक लागाइएको कारणबाट बिक्रेतालाई पर्न गएको वास्तविक नोक्सानी रकमको क्षतिपूर्ति विभाग वा कार्यालयले सम्बन्धित बिक्रेतालाई दिनु पर्ने छ” । |
| ६६. | मा. श्री सुमना श्रेष्ठ | ३३ | विधेयकको दफा ३३ को उपदफा (३) पछि देहायबमोजिमको उपदफा (४) को व्यवस्था गर्नु पर्नेः<br>“(४) उपदफा (१) बमोजिम बिक्री वितरणको लागि रोक लगाइएको खाद्य पदार्थको नमूना परिक्षण गर्न लाग्ने तोकिएको समय भित्र परीक्षण गरी सोको जानकारी सम्बन्धीत बिक्रेतालाई दिनु पर्नेछ ।” |
| ६७. | मा. श्री गगनकुमार थापा | ३३ | विधेयकको दफा ३३ को उपदफा (३) पछि देहायबमोजिमको उपदफा (४) र (५) को व्यवस्था गर्नु पर्नेः<br>“(४) उपदफा(१) बमोजिम विक्रि वितरणको लागि रोक लगाइएको खाद्य पदार्थको नमूना परीक्षण गर्न लाग्ने न्यूनतम समय अबधिभित्र परीक्षण गरी सोको जानकारी विक्रेतालाई दिनुपर्ने”।<br>“(५) उपदफा(१) बमोजिम विक्री वितरणमा रोक लगाइएको खाद्य पदार्थ परीक्षण गर्दा तोकिएको स्वच्छता तथा गुणस्तर अनुरुप भएको पाइएमा सो रोक लगाइएको कारणबाट विक्रेतालाई पर्न गएको नोक्सानी वापतको क्षतिपूर्ती सम्बन्धित विक्रेतालाई दिनुपर्नेछ” । |
| ६८. | मा. श्री सुमना श्रेष्ठ | ३४ | विधेयकको दफा ३४ को उपदफा (१) मा “उपयुक्त तवरले” भन्ने शब्दहरुको सट्टा “वातावरण मैत्री तवरले” भन्ने शब्दहरु राख्नु पर्ने । |
| ६९. | मा. श्री विद्या भट्टराई | ३५ | विधेयकको दफा ३५ को उपदफा (३) मा रहेको “आकस्मिक निरीक्षणमा जाने अधिकारी” भन्ने शब्दहरुलाइ परिभाषा खण्डमा परिभाषित गर्नु पर्ने । |
| ७०. | मा. श्री सुमना श्रेष्ठ | ३६ | विधेयकको दफा ३६ पछि देहायबमोजिमको दफा ३६क. र उपदफाहरु थप गर्नेः<br>“३६क. **<u>प्रदेश तथा स्थानीय तहमा खाद्य स्वच्छता प्रणाली स्थापना गर्ने</u>**: (१) प्रदेश तथा स्थानीय तहमा आवश्यकता अनुरुप खाद्य स्वच्छता प्रणाली स्थापना गर्न विभागले सहजिकरण गर्नेः<br>(२) प्रदेशमा खाद्य सम्बन्धी सचिवको नेतृत्वमा तथा स्थानीय तहमा उपमेयरको नेतृत्वमा समिति गठन गर्न एवमं आवश्यक पूर्वाधारहरू तैयार गर्न विभागले समन्वय गर्ने |

| | | | |
|---|---|---|---|
| | | | (३) प्रणालीको पूर्वाधार तैयार नभएसम्म .. साविकको दफा ३६ ..<br>(४) प्रणाली स्थापित भएपश्चात संघ, प्रदेश तथा स्थानीय तहले उद्योगलाई पूँजीको आधारमा वर्गीकृत गरी तत् तत् तहमा नियमन, अनुगमन, निरिक्षण गर्दै विश्लेशण तथा जनचेतना अभिवृद्धि समेत गर्नेछ" । |
| ७१. | मा. श्री गगनकुमार थापा | ३६ | विधेयकको दफा ३६ मा रहेको "प्रदेश सरकार वा स्थानीय तहले" भन्ने शब्दहरू पछि "प्रादेशिक खाद्य निरीक्षण अधिकारी वा स्थानीय खाद्य निरीक्षण अधिकारी खटाई आफ्नो क्षेत्रमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ" भन्ने शब्दहरु राख्नु पर्ने । |
| ७२. | मा. श्री मनिस झा | ३८ | विधेयकको दफा ३८ मा संशोधनः<br>१. उपदफा (१) मा "नरहेको" भन्ने शब्द पछि रहेका शब्दहरुको सट्टा "आदेश प्राप्त भएमा त्यस्तो खाद्य पदार्थ बजारबाट फिर्ता माग गर्नु पर्नेछ" भन्ने वाक्यांश राख्नु पर्ने ।<br>२. उपदफा (२) मा "नदेखिएमा" भन्ने शब्द पछि "खाद्य प्रयोगशाला प्रतिवेदन" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>३. उपदफा (३) हटाइ अन्य दफाहरुलाई सोही बमोजिम उपदफाक्रम मिलाउनु पर्ने । |
| ७३. | मा. श्री सुमना श्रेष्ठ | ३८ | विधेयकको दफा ३८ मा संशोधनः<br>१. उपदफा (१) मा "सार्वजनिक रुपमा सूचना प्रकाशन गरी" भन्ने शब्दहरु हट्टाउनु पर्ने ।<br>२. उपदफा (२) मा "नदेखिएमा" भन्ने शब्द पछि "प्रयोगशाला प्रतिवेदन" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>३. विधेयकको दफा ३८ को उपदफा (३) को सट्टा देहायबमोजिमको उपदफा (३) को व्यवस्था गर्नु पर्ने ।<br>"(३) उपदफा (१) र (२) बमोजिम दिइएको आदेश पहिलो पटक चेतावनी सहित र दोहोरिएमा सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ" । |
| ७४. | मा. श्री मनिस झा | ३८ | विधेयकको दफा ३८ पछि देहायबमोजमको दफा ३८क र उपदफाहरुको व्यवस्था गर्नु पर्नेः<br>"३८क. **पुनरावलोकनको लागि निवेदन दिन सक्नेः** (१) विभाग वा कार्यालय वा खाद्य निरीक्षण अधिकारीले दफा ३२, दफा ३३, दफा ३५ र दफा ३८ अन्तर्गत दिएको आदेश उपर चित्त नबुझाउने खाद्य व्यवसायीले आदेश प्राप्त भएको ३ दिन भित्र विभागसमक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ" । |

| | | | |
|---|---|---|---|
| | | | "(२) उपदफा (१) बमोजिम निवेदन परेमा विभागले निवेदनसाथ पेश भएका प्रमाण कागजात वा थप नमुना संकलन गरी वा पहिले परीक्षण भएको नमूनालाई पुनः अर्को ल्याबमा परीक्षण गरी सोही आधारमा निवेदन परेको मितिले ७ दिन भित्र निर्णय गर्नु पर्नेछ" । |
| ७५. | मा. श्री गगनकुमार थापा | ३८ | विधेयकको दफा ३८ मा संशोधनः<br>१. उपदफा (१) मा रहेको "त्यस्तो खाद्य पदार्थ सार्वजनिक रूपमा सूचना प्रकाशन गरी बजारबाट फिर्ता माग गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा " त्यस्तो खाद्य पदार्थ तत्काल बजारबाट फिर्ता गर्न विक्रेतालाई आदेश दिनेछ र सो खाद्य पदार्थ आम उपभोक्तासम्म पुगेको लागेमा उपभोग नगर्न आम रुपमा उपयुक्त माध्यमबाट सुसूचित गराउनु पर्नेछ" भन्ने शब्दहरु राख्नु पर्ने।<br>२. उपदफा (२) रहेको "सुरक्षित रहेको नदेखिएमा" भन्ने शब्दहरु पछि "प्रयोगशालाको प्रतिवेदन" भन्ने शब्दहरू थप गर्नु पर्ने। |
| ७६. | मा. श्री गगनकुमार थापा | ३८ | विधेयकको दफा ३८ पछि देहायबमोजिमको दफा ३८क, ३८ख र ३८ग थप गर्नु पर्नेः<br>"३८क. **<u>पुनरावलोकनक लागि निवेदन दिन सक्ने</u>**ः (१) विभाग वा कार्यालय वा खाद्य निरीक्षण अधिकारीले दिएको आदेश उपर चित्त नबुझेमा खाद्य व्यवसायीले आदेश प्राप्त भएको मितिले तीन दिनभित्र विभाग समक्ष पुनरावलोकनको लागि निवेदन दिनसक्नेछ" ।<br>"(२) उपदफा(१) बमोजिम निवेदन परेमा विभागले प्रतिवेदन, पेश भएका प्रमाण, कागजात र आवश्यकता अनुसार पुनः अर्को सन्दर्भ प्रयोगशालामा परीक्षण गरी सात दिनभित्र निर्णय गर्नुपर्नेछ" ।<br>"३८ख. **<u>सहजिकरण गर्नुपर्ने</u>**ः यस ऐन बमोजिम काम गर्नका लागि प्रदेश सरकार, स्थानीय तह र सरोकारवालासंग समन्वय गर्न, व्यवसायीलाई सहजिकरण गर्न र आम रुपमा सुसूचित गर्न गराउन विभागमा छुट्टै समन्वय महाशाखा रहनेछ" ।<br>"३८ग. **<u>गलत प्रतिवेदन दिएको भए कारवाही</u>**ः खाद्य निरीक्षण अधिकारीले गलत मनसाय र झुटा विवरण राखि प्रतिवेदन दिएको पाइएमा त्यस्तो खाद्य निरीक्षण अधिकारीलाई विभागले कारवाही गर्न सक्नेछ"। |
| ७७. | मा. श्री गगनकुमार थापा | ३९ | विधेयकको दफा ३९ को उपदफा (१) मा "मन्त्रालय" भन्ने शब्द पछि "प्रदेश सरकारले" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| ७८. | मा. श्री मनिस झा | ४१ | विधेयकको दफा ४१ को उपदफा (३) मा "निर्णय भएको" भन्ने शब्दहरुको सट्टा "निर्णय अन्तिम भएको" भन्ने शब्दहरु राख्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| ७९. | मा. श्री मनिस झा | ४२ | विधेयकको दफा ४२ मा संशोधनः<br>१. उपदफा (१) को खण्ड (क) मा "रुपैयाँ देखि पचास हजार" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>२. उपदफा (१) को खण्ड (ख) को सट्टा देहायबमोजिमको खण्ड (ख) को व्यवस्था गर्नु पर्ने ।<br>"(ख) दफा ४० को खण्ड (ग) बमोजिमको कसूरमा बढीमा पचास हजार रुपैयाँसम्म जरिवाना,"<br>३. उपदफा (१) को खण्ड (ग) को सट्टा देहायबमोजिमको खण्ड (ग) को व्यवस्था गर्नु पर्ने ।<br>"(ग) दफा ४० को खण्ड (घ), (ङ) वा (च) बमोजिमको कसूरमा बढीमा पाँच लाख रुपैयाँसम्म जरिवाना,"<br>४. उपदफा (१) को खण्ड (घ) को सट्टा देहायबमोजिमको खण्ड (घ) को व्यवस्था गर्नु पर्ने ।<br>"(घ) दफा ४० को खण्ड (छ) बमोजिमको कसूरमा बीस हजार रुपैयाँसम्म,"<br>५. उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायबमोजिमको खण्ड (ङ) को व्यवस्था गर्नु पर्ने ।<br>"(ङ) दफा ४० को खण्ड (ठ) बमोजिमको कसूरमा पचास हजार रुपैयाँसम्म जरिवाना,"<br>६. उपदफा (३) को सट्टा देहायबमोजिमको उपदफा (३) को व्यवस्था गर्नु पर्ने ।<br>"(३) यस ऐन बमोजिम कुनै कसूरमा सजाय पाएको व्यक्तिले सोही कसूर गरेमा निजलाई पहिलो पटक पाएको सजायको दोब्बर सजाय हुनेछ" । |
| ८०. | मा. श्री प्रदीप यादव | ४२ | विधेयकको दफा ४२मा संशोधनः<br>१. उपदफा (१) को खण्ड (ख) मा "पाँच लाख रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>२. उपदफा (१) को खण्ड (ग) मा "तिन वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "छ महिनासम्म" र "तीन लाख रुपैयाँ सम्म" भन्ने शब्दहरुको सट्टा "एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरु राख्नु पर्ने । |
| ८१. | मा. श्री गगनकुमार थापा | ४२ | विधेयकको दफा ४२ अन्तर्गत उपदफा (१) को खण्ड (ग) मा "कसूरमा" भन्ने शब्द पछि "एक वर्ष सम्म कैद वा ५० हजार रुपैया देखि तिन लाख रुपैया सम्म जरिवाना वा दुवै सजाय" भन्ने वाक्यांश थप गर्नु पर्नेः<br>"(नोटः परीच्छेद ८ को कसुर र सजायका सन्दर्भमा कस्तो कार्यलाई कैद र कस्तोलाई जरिवाना भन्ने स्पष्ट गर्ने।मानव स्वास्थ्यमा गम्भीर असर पर्ने र वदनियत पूर्वक गरिएका गम्भीर प्रकृतिका कसुरमा कैद वा कैद र जरिवाना दुवै सजाय तथा प्रकृयागत कार्य पुरा नगरेमा हुने कसुरलाई जरिवाना मात्रै |

| | | | |
|---|---|---|---|
| | | | हुनेगरी वर्गीकरण गरेर सजाय तोक्नु उपयुक्त हुने)” |
| ८२. | मा. श्री प्रेम सुवाल | ४२ | विधेयकको दफा ४२ को उपदफा (३) पछि देहायबमोजिमको उपदफा (४) थप गर्नु पर्नेः<br>“(४) सरकारी वा सरकारी स्वामित्व भएका कर्मचरीले यस्तो कसूर गर्न सघाएमा वा आफै कसूरमा संलग्न भएमा दोब्बर सजाय हुनेछ” । |
| ८३. | मा. श्री सुमना श्रेष्ठ | ४७ | विधेयकको दफा ४७ को खण्ड (क) मा रहेको “प्रमुख जिल्ला अधिकारीलाई” भन्ने शब्दहरुको सट्टा “स्थानिय तहको उप प्रमुखलाई” भन्ने शब्दहरु राखु पर्ने । |
| ८४. | मा. श्री गगनकुमार थापा | ४७ | विधेयकको दफा ४७ को खण्ड (क) मा “खण्ड (क)” भन्ने शब्द पछि “(ग)” थप गर्नु पर्ने साथै खण्ड (ख) मा “(ग)” भन्ने शब्द हटाउनु पर्ने । |
| ८५. | मा. श्री गगनकुमार थापा | ४८ | विधेयकको दफा ४८ को उपदफा (२) पछि देहायबमोजिमको उपदफा (३) थप गरी उपदफाक्रम मिलाउनु पर्नेः<br>“(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारले राष्ट्रिय कोडेक्स समिति गठन गर्न यो उपदफाले बाधा पार्ने छैन” । |
| ८६. | मा. श्री मनिस झा | ५० | विधेयकको दफा ५० मा “नेपाल सरकार बादी भई चल्नेछ” भन्ने शब्दहरु पछि रहेका अन्य शब्दहरु हताउनु पर्ने । |
| ८७. | मा. श्री मनिस झा | ५३ | विधेयकको दफा ५३ को सट्टा देहायबमोजिमको दफा ५३ को व्यवस्था गर्नु पर्नेः<br>“५३. **यसै ऐन बमोजिम हुनेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम हुनेछ” । |
| ८८. | मा. श्री गगनकुमार थापा | ५३ | विधेयकको दफा ५३ को सट्टा देहाय बमोजिमको दफा ५३ को व्यवस्था गर्नु पर्नेः<br>“५३. **प्रचलित कानून बमोजिम हुने**ः यस ऐन बमोजिम कसुर ठहरिने कार्य यस ऐनमा व्यवस्था भएकोमा यसै बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ” । |
| ८९. | मा. श्री गगनकुमार थापा | ५४ | विधेयकको दफा ५४ को सट्टा देहाय बमोजिमको दफा ५४ को व्यवस्था गर्नु पर्नेः<br>“५४ **नियम बनाउने अधिकारः** मन्त्रालयले यो ऐन कार्यान्वयनका लागि तत्काल आवश्यक नियमहरू यो ऐन जारी भएको ६ महिनाभित्र बनाउनुपर्नेछ” । |
| ९०. | मा. श्री गगनकुमार थापा | ५५ | विधेयकको दफा ५५ को सट्टा देहाय बमोजिमको दफा ५५ को व्यवस्था गर्नु पर्नेः<br>“५५ **निर्देशिका बनाउन सक्नेः** मन्त्रालयले यो ऐन कार्यान्वयनका लागि तत्काल आवश्यक निर्देशिका र मापदण्ड यो ऐन जारी भएको ६ महिनाभित्र बनाउनुपर्नेछ” । |

| | | | |
|---|---|---|---|
| ९१. | मा. श्री गगनकुमार थापा | ५५ | विधेयकको दफा ५५ पछि देहायबमोजिमको दफा ५५क. थप गर्नु पर्नेः<br>“५५क. प्रदेश सरकार तथा स्थानीय तहले यस ऐनको मर्म अनुकुल हुने गरी प्रादेशिक खाद्य स्वच्छता तथा गुणस्तर ऐन तथा नियमावली र स्थानीय तहले स्थानीय खाद्य स्वच्छता तथा गुणस्तर ऐन तथा नियमावली तर्जुमा गर्न सक्नेछ” । |

१. माननीय श्री सुमना श्रेष्ठज्यूले विधेयकको दफा ४२ को सजाय शिर्षक अन्तर्गत व्यवस्था गरिएको खण्ड (क) देखि (ङ) सम्म “जरिवाना रकम उद्योग वा व्यवसायको पूँजी वा आम्दानीमध्ये जुन बढी हुन्छ त्यसको अनुपातमा (१-१०%) तोकिन पर्छ” भन्ने कुरा उल्लेख गर्नु भएको ।

२. माननीय श्री गगनकुमार थापाज्यूले “विधेयकको विभिन्न दफामा “तोकिए बमोजिम” लेखिएको छ । सामान्य प्रकृयागत कुरा बाहेक अन्य सारभूत विषयहरू, काम कर्तव्य, अधिकार, मापदण्ड, आधार लगायतका विषयलाई ऐनमा नै प्रष्ट पार्ने साथै खाद्य र औषधीको गुणस्तरका लागि छुट्टै खाद्य तथा औषधी गुणस्तर प्राधिकरण ऐन नै बनाउन उपयुक्त हुने” भन्ने कुरा उल्लेख गर्नु भएको ।

**क्र.स. १ देखि ९१ सम्मका संशोधनहरू छलफलका लागि स्वीकृत ।**

.........................

**(देवराज घिमिरे)**

**सभामुख**